मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडा-१६ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा

हेटौंडा, १३ पुस/मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१६ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएको छ । उपमहानगर पालिका प्रमुख मीनाकुमारी लामाले १६ नम्वर वडा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिन् ।

नगरप्रमुख लामाले निकट भविष्यमा उपमहानगरलाई नै बालमैत्री शासनयुक्त स्थानीय तह घोषणाको तीब्र तयारी भइरहेको बताइन् । उनले पछाडि पारिएका बालबालिकालाई सक्षम बनाउन उपमहानगर लागिपरेको बताइन् । विभिन्न सूचक पूरा गरेसँगै यो वडा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको वडाध्यक्ष रामकृष्ण कोइरालाले जानकारी दिए । 'बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी' भन्ने मुलनाराको साथ वडालाई बालमैत्री वडा घोषणा गरिएको उनको भनाई छ । कार्यक्रममा उपप्रमुख राजेश बानियाँ, विभिन्न वडाका वडाअध्यक्षलगायतको आतिथ्यता रहेको थियो ।

# मुख्यमन्त्रीले गाउँले रोज्दा सामाजिक मन्त्रीले श्रीमानलाई अध्यक्ष बनाइन्

भानुभक्त आचार्य




हेटौंडा, १३ पुस/ बागमती प्रदेशका विभिन्न निकायमा गरिने नियुक्तिमा राजनीतिक भागबण्डाबाट पद बाँडफाँड भइरहेको छ । दीर्घकालीन असर पार्ने नियुक्तिमा शासकहरुको कतिसम्म मनमौजी चल्छ ? भन्ने बुझ्न हालसालैको एउटा नियुक्तिलाई हेरे पुग्छ ।

बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा र सामाजिक विकासमन्त्री हरिप्रभा खड्गीले प्रदेश सरकारका महत्वपूर्ण र संवेदनशील निकायहरुलाई खेलौना जसरी पद बाँडेका छन् । मुख्यमन्त्री लामाले प्राविधिक शिक्षा दिएर जनशक्ति उत्पादन गर्ने निकाय प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् (सिटिईभिटी)मा आफ्नो नजिकको कार्यकर्ता रोज्दा मन्त्री खड्गीले संवेशनशील क्षेत्र अस्पतालमा आफ्नै श्रीमानलाई नियुक्ति दिलाएकी छन् ।

बागमती प्रदेशका निकायहरुको रिक्तपदमा धमाधम नियुक्ति चलिरहँदा दुई दलीय सरकारका नेपाली कांग्रेस र नेकपा एमालेलाई भागबण्डा मिलाएर ती सबै भइरहेका छन् । बागमतीको रिक्त पदमा दुई दलीय भागबण्डा मात्रै लागेको छैन । पछिल्लोपटक भएको दुई निकायको नियुक्तिमा मुख्यमन्त्री लामा र कांग्रेस नेतृसमेत रहेकी सामाजिकमन्त्री खड्गीले नियुक्तिमा बाँडफाँड गरेको चर्चा बागमती सरकारभित्र व्यापक चलेको छ । अझै, कांग्रेसभित्र मुख्यमन्त्री र खड्गीको आलोचना भएको छ ।

बागमती प्रदेशको ११ वटा प्रादेशिक अस्पतालले अध्यक्ष पाउँदा टोखा चण्डेश्वरी अस्पताल काठमाडौंको अध्यक्षमा काठमाडौं-१८ घर भएका प्रकाश खड्गीले नियुक्ति पाए । उनलाई स्वास्थ्य मन्त्रालयले मन्त्रीस्तरीय निर्णयबाट ८ पुसमा नियुक्त गरिएको थियो । खड्गी समाजिका विकासमन्त्री हरि प्रभाका श्रीमान हुन् । बागमतीका एक मन्त्रीकाअनुसार प्रकाशसँग स्वास्थ्य क्षेत्रको कुनै अनुभव छैन । श्रीमती मन्त्री भएकै कारण उनले अस्पतालको अध्यक्ष पाएको एक मन्त्रीले बताए ।

यस्तै, ११ पुसमा बसेको प्रदेशको मन्त्रिपरिषद् बैठकले प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् (सीटीईभिटी)को प्रमुख कार्यकारी निर्देशकमा शान्ति लामालाई नियुक्त गऱ्यो । सिटिईभिटीको निर्देशन नियुक्ति गर्ने सम्बन्धमा शिक्षा हेर्ने सामाजिक विकासमन्त्री खड्गीले मन्त्रिपरिषद्मा सिफारिस गरेकी हुन् । नुवाकोट, म्यागङ गाउँपालिका-४ घर भएकी लामा पालिकाको निवर्तमान उपाध्यक्ष हुन् । उनी मुख्यमन्त्री लामाको नजिकको कार्यकर्ता हुन् ।

'उहाँहरुको नाताबारे जानकारी भएन । तर, मुख्यमन्त्री ज्यूको नजिकको कार्यकर्ता हुनुहुन्छ' नुवाकोट कांग्रेसका एक नेताले भने । सामाजिक विकास मन्त्रालयको प्रमुख कार्यकारीनिर्देशक छनोट तथा सिफारिस समितिले निर्देशक नियुक्तिका लागि ३ जना उम्मेदवारको नाम मन्त्रिपरिषद्मा सिफारिस गरेको थियो । समितिको संयोजक मन्त्रालयका सचिव बद्रीनाथ गैह्रे छन् । सिफारिस समितिले नुवाकोटकी लामा, मध्यपुरठिमी नगरपालिकाका बद्रीप्रसाद दाहाल र चितवन भरतपुरका ईश्वरचन्द्र पौड्यालको नाम सिफारिस गरेको थियो ।

बागमतीका एक मन्त्रीका अनुसार सामाजिक विकासमन्त्री खड्गीले भक्तपुरका दाहालको नाम अगाडि सारेकी थिइन् भने मुख्यमन्त्री लामाले आफ्नै कार्यकर्ताको पक्ष लिएका थिए । 'मैले सुनेअनुसार मन्त्रीले भक्तपुरको मान्छे र मुख्यमन्त्रीले नुवाकोटको लामा रोज्नुभएको थियो । पछि नियुक्ति लामाको भयो' एकमन्त्रीले साझाकुरासँग भने, 'आफ्नो श्रीमान अस्पतालको अध्यक्ष बनाउन मन्त्री नै हुनुपर्ने गरी सन्देश गइरहेको छ । त्यसमा मुख्यमन्त्रीज्यूले आफ्नो जिल्लाकै मान्छेलाई मिलाएर नियुक्ति दिनुभयो । यो साह्रै गलत छ' उनले थपे । मुख्यमन्त्री लामाले पनि नियुक्तिमा बढी चासो दिइरहेको विषय राम्रो नभएको उनको भनाई छ । लामाले यसअघि प्रदेश खेलकुद विकास परिषद्मा पनि नुवकोटकै दीपक लामालाई नियुक्ति गरेका थिए ।

यसैगरी, प्रदेशको स्वास्थ्य मन्त्रालयले नयाँ स्वास्थ्य सेवा ऐन, २०७५ को पहिलो संशोधन जारी भएपछि ८, ९ पुस र २७ मंसिरमा गरेर सिन्धुली र हेटौंडा अस्पतल बाहेक ११ वटा जिल्लाका अस्पतालमा अध्यक्ष नियुक्त गरेको थियो । हेटौंडा अस्पतालको सञ्चालन तथा व्यवस्थापनको अध्यक्ष मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार हुने कानुनी व्यवस्थाले यहाँ नियुक्ति भएन । सिन्धुलीमा नेपाली कांग्रेसबाट नाम सिफारिस नभएकोले नियुक्ति हुन नसकेको स्वास्थ्य मन्त्रालय स्रोतले जानकारी दिएको छ ।

स्वास्थ्यमन्त्री एमालेका किरण थापा छन् । सिन्धुलीसहित १२ वटा अस्पतालका लागि कांग्रेस र एमालेबीच ६-६ जनाको भागबण्डा लागेको स्वास्थ्य मन्त्रालय स्रोतले साझाकुरालाई जानकारी दिएको छ । एमालेको भागमा चितवन, धादिङ, काभ्रे, रामेछाप, दोलखा, ललितपुर परेको थियो । कांग्रेसको भागमा सिन्धुलीसहित नुवाकोट, रसुवा, सिन्धुपाल्चोक, काठमाडौं, भक्तपुरको अस्पताल हात लागेको थियो । 'भागबण्डाअनुसार कांग्रेसले पाएको अस्पतालमा अध्यक्ष नियुक्तिका लागि मुख्यमन्त्री लामाले व्यवस्थापन गर्नुहुन्छ । उहाँहरुले कसको नाम पठाउनुहुन्छ भनेर हाम्रो चासो र हँदैन् । नाम आएपछि नियुक्त गर्ने हो,' मन्त्रालय स्रोत भन्छ ।

मन्त्रीस्तरीय निर्णयबाट भक्तपुर अस्पतालमा प्रदेशका पूर्वसांसद शशीजंग थापा, दोलखाको पशुपति चौलागाई स्मृति अस्पतालमा सुवास रिमाल, त्रिशुली अस्पतालमा उपेन्द्र बुढाथोकी, बकुलर रत्ननगर अस्पतालमा गोपाल कर्माचार्य नियुक्त भएका छन् । मन्त्रालयकाअनुसार सिन्धुपाल्चोकको चौतारा अस्पतालमा केशवराज गिरी, रसुवा अस्पतालमा विवश श्रेष्ठ, काभ्रेको मेथिनकोट अस्पतालमा विष्णुप्रसाद खनाल, ललितपुरको बज्रबाराही चापागाउँ अस्पतालमा रामहरि घिमिरे, काठमाडौंको टोखा चण्डेश्वरी अस्पतालमा प्रकाश खड्गी, रामेछाप अस्पतालमा यमकुमार पाखिन र धादिङ अस्पतालमा राधिका सापकोटाको नियुक्ति भएको हो ।

# सगरमाथा सहकारीको २४ करोड ८० लाख कारोबार

साझाकुरा संवाददाता




हेटौंडा, १३ पुस/हेटौंडा उपमहानगरपालिका-४, स्थित सगरमाथा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २३औं साधारण सभा भएको छ ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्यता तथा सहकारी अध्यक्ष आयुषकुमार डोटेलको सभाध्यक्षतामा शनिवार वार्षिक साभारणसभा भएको हो । सहकारीले २०८१ को असार मसान्तसम्म २४ करोड ८० लाख २० हजार ७ सय २३ रूपैयाँ कारोबार गरेको छ । सहकारीले आर्थिक वर्ष २०७९/८० मा २२ करोड ६४ लाख २५ हजार ७ सय ४४ रूपैयाँ कारोबार गरेको थियो । एक वर्षमा सहकारीले २ करोडको कारोबार बढाएको साधारणसभामा प्रस्तुत प्रतिवेदनमा उल्लेख छ ।

आव २०७९/८० मा शेयर सदस्य ५६०३ रहेको सहकारीले ०८०/८१ मा ६७२१ शेयर सदस्य पुऱ्याउन सफल भएको छ । शेयर पुँजी २ करोड ७९ लाख ५७ हजार रहेको छ । गत आवा शेयर पुँजी २ करोड ५९ लाख ८८ हजार रहेको थियो । निक्षेप संकलन ७९ करोड ६९ लाख ३३ हजार ७ सय ५९ रुपैयाँ, बचत २० करोड ७१ लाख १४ हजार ४ सय २९ रुपैयाँ रहेको अध्यक्ष डोटेलले जानकारी दिए । सहकारीले आव ०८०/८१ मा १८ करोड ९७ लाख ३६ हजार कर्जा लगानी गरेको छ । १६ करोड ७२ लाख ६९ हजार ८९ रुपैयाँ कर्जा असुल गरी उठ्न बाँकी छ । व्याज खर्च कटाई कुल आम्दानी २ करोड ४ लाख ३३ हजार ७ सय रुपैयाँ पुऱ्याउन सफल भएको अध्यक्ष डोटेलले बताए ।

साधारण सभामा हेटौंडा-४ का वडा अध्यक्ष नवीन सिग्देल, हेटौंडा उपमहानगरका सहकारी शाखा प्रमुख हिमप्रसाद पौडेल, राष्टिय सहकारी बैंक हेटौंडाका प्रमुख रामेश्वर अर्याल, कानुनी सल्लाहकार मुकुन्द अधिकारी, नेफस्कुन फिल्ड व्यवस्थापन समितिका राजु गौतम, सहकारीका उपाध्यक्ष श्रीराज खतिवडा, कोषाध्यक्ष निशा सिग्देल लगायतको आतिथ्यता रहेको थियो ।

# कुटपिटबाट एकजनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/ मकवानपुरमा कुटपिटबाट एक जनाको मृत्यु भएको छ । थाहा नगरपालिका-१० मुलगाउँ बस्ने वर्ष ५३ को हीराकाजी गोपालीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

प्रहरीका अनुसार गत ८ पुसमा आगो ताप्ने क्रममा सामान्य विवाद हुँदा हीराकाजीलाई स्थानीय ४७ वर्षीय जयराम गोपालीले कुटपिट गरेका थिए । कुटपिटबाट गम्भीर घाइते भएका हीराकाजीलाई उपचारको लागि काठमाडौंको दीर्घायू अस्पतालमा पठाइएको थियो ।

उनको सोही अस्पतालमा उपचारको क्रममा पुष १२ गते शुक्रबार मृत्यु भएको हो । प्रहरीले कुटपिट गर्ने जयरामलाई नियनत्रणमा लिई घटनाको बारेमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

# हेटौंडा जेसीजमा पंकजदासको प्यानलका सबैले जिते




साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/ जेसीआई हेटौंडा वर्ष २०२५ को अध्यक्षमा पंकजदास बानियाँ निर्वाचित भएका छन् । शनिवार साँझ सम्पन्न मतगणनाअनुसार बानियाँको प्यानल नै विजयी भएको छ ।

प्यानल बनाएर अध्यक्ष, दुई कार्यकारिणी उपाध्यक्ष र चार उपाध्यक्षका लागि निर्वाचन भएको थियो । अध्यक्षमा ४ मतले बानियाँ विजयी भए । हेटौंडा जेसीजको शाखा अधिवेशन तथा निर्वाचन कार्यक्रमबाट बानियाँले ९२ मत प्राप्त गरे । उनका निकटतम प्रतिद्वन्द्वी विवेकआनन्द न्यौपानेले ८८ मत प्राप्त गर्दै पराजय व्यवहोरेका छन् । निर्वाचन समितिका अनुसार १ सय ९९ मतदाता रहेकोमा १ सय ८० मत खसेको थियो ।

जेसीआई हेटौंडा वर्ष २०२५ को लागि कार्यकारिणी उपाध्यक्षमा सन्तोष पराजुली र विश्वप्रसाद गौतम विजयी भएका छन् । पराजुलीले १ सय २ र गौतमले १ सय १ मत प्राप्त गर्दै कार्यकारिणी उपाध्यक्षमा विजयी भएका हुन् । कार्यकारिणी उपाध्यक्षका अन्य दुई प्रतिस्पर्धी सुदीप तिमल्सिनाले ८५ र गंगाप्रसाद पौडेलले ७० मत प्राप्त गरेका छन् ।

त्यसैगरी उपाध्यक्षहरुमा किरण आले (१६६), विवेक फुँयाल (१४८), प्रवीण श्रेष्ठ (१२८) र कुशल रिजाल (११३) मत प्राप्त गर्दै विजयी भएका छन् । उपाध्यक्षमा पराजित भएका शिशिर पराजुलीले (८२) र विराज गौतमले (७८) मत पाए । हेटौंडा जेसीजको आगामी बैठकले महासचिव, कोषाध्यक्षलगायतका पदमा मनोनितको निर्णय गर्ने व्यवस्था छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# क्याम्पसमा इन्क्युबेशन सेन्टर

औषत अध्ययन भएका युवाको नियती भनको मुस्कीलले १२ कक्षा उत्तीर्ण गर्ने वा परीक्षा सकेर खाडी मुलुक छिर्ने नै हो । हरियो पासपोर्ट बनायो, म्यानपावर कम्पनी धायो, अन्तरवार्ता पास भयो, मेडिकल गऱ्यो र म्यानपावर कम्पनीमा लाइन लाग्यो । केही समयपछि म्यानपावर कम्पनीबाट फोन आउँछ-तिम्रो भिषा आयो । यति गतेको फ्लाईट छ, पैसा लिएर काठमाडौं आउनू । त्यो युवाको खुशी र पीडा एकैपटक अगाडि झल्कन्छ । हतारहतार पैसो खोजी गर्ने, आफू वा आफन्तसँग पैसो नभए स्थानीय साहू महाजन वा सहकारी धायो, घरखेत बन्दकी राख्यो । लालपूर्जा बुझायो, ऋण काड्यो र काठमाडौं हानियो । काठमाडौं पुगेर ठूला झोला किन्यो, केही कपडा किन्यो र म्यानपावर कम्पनीबाट कागजपत्र गोजीमा हालेर सीधै एअरपोर्ट कुद्यो । बिमानमा उड्दै गर्दा उसले हजारौं सपना बुनिरहेको हुन्छ । धेरै पैसा कमाउने, घरघडेरी किन्ने, गाडी किन्ने । तर, खाडीमा पुगेपछि ४८ डिग्रीको तातो अनि १२ घण्टाको परिश्रम । पसिना बगाएर फुर्सद पाउँदैन । अहिले विद्यालय तहमा अध्ययन गरिरहेका बालबालिकालाई शिक्षकले भबिश्यमा तिमीहरु के बन्न चाहन्छौं ? भन्ने प्रश्न गर्दा अधिकांशको उत्तर बैदेशिक रोजगारीमा जाने नै हुन्छ । नेपालमा बसेर के गर्नु र ? कामै पाइन्न । फेरि यो देशमा के नै छ र ? सामुदायिक विद्यालयमा अध्ययन गर्ने आम विद्यार्थीको बुझाई हाम्रो समाजमा कुनै पनि सम्भावना नै छैनन् भन्ने हो ।

विद्यालय तहमा अध्ययन गरिरहेका बालबालिकालाई आफ्नो भबिश्य सुनिस्चित भएको महशुस गराउन सकिएको छैन । नेपालमै प्रशस्तै सम्भावना छ र थोरै पैसाको लागि खाडी मुलुक जानु पर्दैन भन्ने शिक्षा र चेतना हामीले दिनै सकेनौं । हाम्रा युवाले पाखुरामा बल रहेसम्म बिदेशीको भूमिमा पसिना बगाउने हो । जब पाखुरामा बल सकिन्छ त्यतिबेला नेपालमा रिटायर्ड लाइफ बिताउन आउने मात्रै हो भने यो देशको भबिश्य कस्तो होला ? युवा जोश देशले प्रयोग गर्न पाएन भने हाम्रो के हबिगत हुने ? स्थानीय सरकारले यो विषयमा बहस चलाउनै सकेन । प्रदेश सरकारको पनि पारा उही देखियो 'भाषणमै सीमित' । युवालक्षित कार्ययोजना नै बन्न सकेन । कृषि, वनश्पति, जडिबुटी, रैथाने फलफूल, अन्नबाली, पशुपंक्षीपालन आदिमा सम्भाव्यता अध्ययन नै हुन सकेन । स्थानीय सरकारले पछिल्ला वर्षमा सडक निर्माणमा मात्रै ध्यान पुऱ्यायो । त्यो पनि डाँडाकाँडामा डोजर प्रयोग गरेर वातावरणीय क्षतिले तिनै ग्रामीण क्षेत्रका बासिन्दा बिस्थापनको शिकार बन्न पुगे । सहरी क्षेत्रमा जस्तै सेवा सुबिधा ग्रामीण क्षेत्रमा पनि चाहिएको छ । तर, वातावरण नै नासिने गरी उपलब्ध गराइएको सेवा सुबिधाले उन्नति हुनेवाला छैन । यतिबेला ग्रामीण क्षेत्रमा विकास त पुग्यो तर, त्यो विकासको उपभोग गर्ने जनशक्ति सहर केन्द्रित भएको छ । हाम्रो समाजमा जुनसुकै क्षेत्र अस्तव्यस्त देखिएको छ । जताततै अन्यौलताका कारण भाबि पुस्ताले नेपाल रुचाउन्नन् भन्ने संकेत दिइसकेको छ । नेपालमा बस्नै नरुचाउने दिन आएको खण्डमा हाम्रो समाज के होला ? समयमै सोच्नु जरुरी छ ।

तीन तहको सरकार आखिर कस्का लागि ? जब युवा नै देशमा बस्न चाहँदैनन् भने । त्यसैले बर्तमान सरकारले यो बिषयमा सोच्ने बेला आएको छ । १२ बर्षे जनयुद्धका कारण मुलुकमा औद्योगिक गतिबिधि ठप्प भयो । रोजगारी सृजना ठप्प भयो । त्यसै कारण युवा पलायन भए । तर, अहिले दुई तिहाईको सरकार बनेको छ तर, समाज अग्रगतिमा अगाडि बढ्न सकेको छैन । कता रुमल्लिएको छ त ? यो विषयमा बहस चलाउन ढिलाई भयो । मकवानपुर बहुमुखी क्याम्पसले बिजनेस इन्क्युबेशन सेन्टरको उद्घाटन गरेको छ । बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले शुक्रबार सेन्टरको उद्‌घाटन गरेका हुन् । मुख्यमन्त्री लामाले व्यावसायिक शिक्षा आजको आवश्यकता भएको बताए । व्यक्तिले आर्जन गरेको ज्ञानको उपयोग गरेर पेट पाल्न सक्ने स्थिति बनाउने व्यावहारिक शिक्षा आजको आवश्यकता भएको भन्दै उनले सेन्टरले व्यावसायिक जनशक्ति उत्पादन गर्ने र विद्यार्थीहरु लाभान्वित हुने विश्वास व्यक्त गरे । उनले समयअनुकूल गुणस्तरीय, व्यावहारिक र व्यावसायिक शिक्षालाई अंगाल्नुपर्ने अनिवार्य आवश्यकता रहेको बताए । लामाले वर्तमान समयमा परम्परागत शैलीमा दिइएको ज्ञानले अर्थ नराख्ने भन्दै शिक्षालाई समयअनुसार परिवर्तन गरी व्यावसायिक र रोजगारमुखी बनाउनुपर्ने धारणा राखेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ पुस १५ गते सोमबार ३० डिसेम्बर २०२४ । औंसी, पौष कृष्णपक्ष । थिलागा ११४५ ने.सं. । सूर्योदय ६:५६, सूर्यास्त ५:१७ । तमु (गुरुङ) ल्होसार

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अधुरा काम सम्पन्न हुनेछ | तुला | : सहयोग गर्ने भावना आउनेछ |
| वृष | : सवारी साधनबाट क्षति हुन सक्नेछ | वृश्चिक | : यात्राको लागि सुखद देखिन्छ |
| मिथुन | : रिसाउने बानीले काम बिग्रनेछ | धनु | : रमाइलोको समय रहेको छ |
| कर्कट | : नोकरीबाट असन्तोष बढ्नेछ | मकर | : शरीरमा समस्या देखिन सक्नेछ |
| सिंह | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ | कुम्भ | : सामाजिक प्रतिष्ठा बढ्नेछ |
| कन्या | : धार्मिक कार्यबाट प्रगति हुनेछ | मीन | : सानातिना अवरोध आइरहनेछ |

# चलायमान हुन नसकेका प्रदेश सरकारहरू



✍ अजय सुवेदी

नेपालमा संघ, प्रदेश तथा स्थानीय तहसहितको संघीय संरचनामा रूपान्तरण भएको सात वर्ष व्यतीत भइसकेको छ तर संघ र स्थानीय सरकारबिचको पुलको रुपमा रहेको प्रादेशिक संरचना अझै चलायमान नहुँदा संघीयताको औचित्यमाथि नै प्रश्न चिह्न खडा हुन थालेको देखिन्छ । संघीयतामा जानुपूर्व आन्तरिक द्वन्द्वलाई शान्तिमा रूपान्तरण गर्ने, जैविक विविधताको व्यवस्थापन गर्ने, राज्यका स्रोतको समानुपातिक वितरणमार्फत समावेशी विकास गर्ने, संघीय एकाइहरूबिच विकासको मामिलामा प्रतिस्पर्धा गर्ने लगायत मुद्दालाई सम्बोधन गर्न संघीय शासन प्रणाली भनिएको थियो । अहिले ती मुद्दाको सम्बोधन नभएको गुनासो समेत आउन थालेको देखिन्छ ।

सात वर्षको समीक्षा अवधिलाई आधार मान्दा प्रादेशिक संरचनाले डेलिभरी दिन नसकेको भन्ने विषयमा सबै पक्ष सहमत छन् तर यसको जरो कारण नखोजी प्रदेशलाई एकोहोरो गाली गर्ने गरेको कतिपय विज्ञले तर्क गर्दै आएका छन् । संविधानमा उल्लिखित साझा अधिकार सूची र एकल अधिकारका सूचीका विषयमा कानुन संघले नबनाउँदा प्रदेशले काम गर्न सकेको देखिँदैन । जस्तो : संघीय सरकारले संघीय निजामती सेवा ऐन जारी नगर्दा प्रदेश सरकारहरूले जारी गरेका प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा गठन तथा सञ्चालन ऐन कार्यान्वयनमा आउन सकेका छैनन् । संघीय सरकारले जारी गरेका वन ऐन, प्रदेशका वन ऐनहरूसँग बाझिएका कारण उस्तै समस्या रहेको देखिन्छ ।

हामीकहाँ प्रदेश प्रभावकारी भएनन्, त्यस कारण यसको खारेजी नै समस्या समाधानको उपाय हो भनी तर्क गर्नेहरूको अभाव छैन, तर यसलाई चलायमान बनाउने उपायहरूको विकल्पको विषयमा कमैको ध्यान गएको देखिन्छ । प्रदेशलाई खारेज गर्ने विकल्प जोखिमपूर्ण र आत्मघाती हुन सक्नेतर्फ कमैले सोचेका हुन सक्छन्, किनकि प्रदेश खारेज भनेको संविधान खारेज हो । संविधान खारेज भनेको वर्तमान राजनीतिक व्यवस्थाकै खारेज हो । त्यसपछिको विकल्प झनै अराजकतापूर्ण र प्रतिगामी हुन सक्छ । उसो त यो सात वर्षको अवधिमा संघीयता कार्यान्वयनका क्षेत्रमा महत्त्वपूर्ण काम भएका छन् भनी तर्क गर्ने पनि छन् । यस्तो तर्क गर्नेले वित्तीय संघीयता कार्यान्वयनमा आएको, कर्मचारी समायोजन टुङ्गिएको, प्रादेशिक संरचनाको जग बसेको, स्थानीय र प्रदेशमा महत्त्वपूर्ण कानुनी संरचनादेखि संस्थागत संरचनाको जग बसेको आदिलाई देखाउँछन् । साथै संघीयता आफैँमा क्रमिक विकास हुने प्रणाली भएकाले सात वर्षको अवधिमा मूल्याङ्कन गर्न नहुने तर्क उनीहरूको छ ।

कतिपय आलोचकले नेपालमा केन्द्रीकृत संघीयताको अभ्यास सुरु भएको तर्क गरेका छन् । भारतको संघीयता अर्ध-संघीयता हो, तर नेपालको संघीयता भारतको जतिको पनि प्रगतिशील नभएको उनीहरूको जिकिर छ । हाम्रो संविधानको साझा अधिकार सूचीमा संघ नै हाबी छ । त्यसका आधारमा निर्माण हुने संघीय कानुनले प्रदेश र स्थानीय तहलाई अधिकार दिँदैन तर उक्त विषय न्यायिक उपचारबाट पनि सम्भव हुँदैन । प्रदेश र स्थानीय तहले निर्माण गर्ने कानुन उनीहरूको प्रयासले भन्दा पनि संघले उपलब्ध गराउने टेम्प्लेटका कारण निर्माण हुन्छ । यस्तै वित्तीय स्रोतका लागि संघको भर पर्नुपर्छ, आदि कारण हाम्रो संघीयता केन्द्रीकृत ढाँचामा जान खोजेको तर्क गरिन्छ ।

अङ्ग्रेजको पन्जाबाट स्वतन्त्र भएपश्चात् (सन् १९४७) भारतमा संघीय शासन प्रणाली सुरु भएको थियो । यद्यपि सन् १९७९ सम्म त्यहाँको संघीयता कार्यान्वयनले खासै गति लिएको देखिँदैन । त्यस अवधिमा कांग्रेस आईको एकमना सरकारको कडा रबैयाका कारण राज्य सरकारले संघीय सरकारसँग आँखा जुधाएर कुरा गर्ने अवस्था थिएन । जब भारतमा गठबन्धन सरकार निर्माण हुन पुगे, त्यसपश्चात् राज्यहरू अलि बलिया हुन पुगे । त्यहाँको सर्वोच्च न्यायालयका कारण पनि पछिल्लो समय संघीयता कार्यान्वयनले गति लिन पुगेको देखिन्छ, नेपालमा भने छोटो अवधिमा संघीयता कार्यान्वयनले गति लिएको देखिन्छ भारतको तुलनामा ।

### कानुन तर्जुमा, संस्थागत विकास र जनशक्ति व्यवस्थापन

वास्तवमा काम गर्ने द्वार खोज्ने नै कानुन तर्जुमाबाट हो । यसले संस्थागत प्रबन्ध खोज्छ, कार्यान्वयनमा जाँदा जनशक्ति र वित्तको समेत माग गर्छ । यसका लागि संविधान अनुसारका कानुन निर्माण गर्नुपर्ने देखिन्छ । हामीकहाँ प्रदेश सरकारले जारी गरेका कानुनहरूको एकीकृत विवरण समेत कहीँ देख्न पाइँदैन । नेपाल सरकारले जारी गर्ने सबै प्रकारका कानुनलाई नेपाल कानुन आयोगले निकै राम्रो डिजिटल अभिलेख राखेको छ, तर त्यस्तो प्रकारको संस्था प्रदेशमा नभए पनि विषयगत मन्त्रालयहरूले राख्न सक्छन् ।

प्रदेशमा कानुन अनुसार बन्नुपर्ने नियमावली र कार्यविधिको निर्माण भने सुस्त छ । कानुनले माग गरे बमोजिमका संस्थागत प्रबन्ध हुनै सकेका छैनन् । उदाहरणका लागि गण्डकी प्रदेशले जारी गरेको प्रहरी ऐनले व्यवस्था गरे अनुरूपको प्रहरी एकाइ नै गठन हुन सकेको छैन, अरु प्रदेशको हालत पनि त्यस्तै छ । प्रदेशमा कानुन निर्माणको गति हेर्दा प्रदेशसभाको पहिलो कार्यकाल अन्तर्गत कोरोना महामारीपूर्व सन्तोषजनक थियो, त्यसपछि राजनीतिक अस्थिरता लगायत यावत् कारणले कानुन निर्माण प्रक्रियामा शिथिलता पैदा भएको देखिन्छ । प्रदेशसभाको दोस्रो कार्यकालको दुई वर्ष बित्न लाग्दा समेत कानुन निर्माण प्रक्रिया झनै सुस्त छ । प्रदेशसभा 'बिजनेस'विहीन भएको देखिन्छ । प्रदेशसभाका आधिकारिक वेबसाइट हेर्दा एकाध विधेयक मात्र विचाराधीन देखिन्छन् । सुदूरपश्चिम प्रदेश सरकारले वर्ष २०८०/८१ मा सालबसाली आर्थिक र विनियोजन ऐनबाहेक अरु कुनै विधेयक पास गरेको देखिएन । प्रदेश सरकारले जारी गरेका कानुनबारे प्राय: जनतालाई जानकारी नै छैन । संघीय सरकारका कानुनी पुस्तक पसलमा खरिद-बिक्री हुन्छन् तर प्रदेशका कानुनको विषयमा नागरिक जानकार नहुँदा कार्यान्वयन पनि हुन सकेको छैन ।

गण्डकी प्रदेश सरकारले 'वर, पिपल र स्वामी संरक्षण ऐन' जारी गरेको छ । त्यस ऐनले वर, पिपल, स्वामीको रुख तथा चौतारो स्थानीय तहमा दर्ता गर्नुपर्ने प्रावधान राखेको छ, तर गण्डकीका ८५ वटा पालिकामध्ये कुनैले पनि यस्तो काम गर्नु त परको कुरा हो, यो कानुनको विषयमा जानकार समेत छैनन् । स्थानीय सरकार त प्रदेश सरकारले जारी गरेको ऐनका विषयमा जानकार छैन भने आम जनताले त्यसको जानकारी राख्नै कुरै भएन । यसमा प्रदेश सरकारको पनि कमजोरी छ, किनकि उसले कानुन बनाउँदा वास्तविक सरोकारवाला पक्षसँग कुनै विचार-विमर्श गर्न सकेन, साथै बनाएका कानुनको प्रचार-प्रसार पनि गर्न सकेको देखिएन । अब प्रदेश सरकारहरू मौजुदा कानुनको प्रभावकारी कार्यान्वयन गर्दै बन्न बाँकी रहेका कानुनको शीघ्र निर्माण गर्नीतिर लाग्नुपर्छ । यस्तै साझा अधिकार सूचीका कानुन निर्माणको विषयमा संघीय सरकारलाई सार्थक दबाब सिर्जना गर्नुपर्ने देखिन्छ ।

### प्रादेशिक अर्थतन्त्रको निर्माण

नेपाल सरकारले गत साउन १ गतेदेखि लागु हुने गरी कार्यान्वयनमा ल्याएको १६औँ योजनामा प्रादेशिक अर्थतन्त्रको विषय उल्लेख छ । प्रदेश सरकारहरूले कार्यान्वयनका लागि ल्याएका दोस्रो आवधिक योजना पनि सोहीअनुरूप बनाएका छन् । प्रादेशिक अर्थतन्त्रका लागि सम्भावनाका क्षेत्र पहिचान गरी कार्यान्वयनमा ल्याउन ठोस नीति, रणनीति र कार्यक्रमको व्यवस्था गरिएको छ तर त्यसको सार्थक कार्यान्वयन र नतिजाको सम्बन्धमा समयको प्रतीक्षा गर्नुपर्ने हुन्छ ।

संघ र स्थानीय तहको निगाहामा पुगेको छ प्रदेशको सार्वजनिक वित्त (एकाध सवारी करको हकमा बाहेक) । प्रदेश सरकारको राजस्वको अधिकार क्षेत्र स्थानीय तहको साझा क्षेत्राधिकारभित्र पर्दा अधिकांश कर स्थानीय तहबाट संकलन हुने अवस्था छ । स्थानीय तहको राजस्व प्रशासन संस्थागत हुन सकेको छैन । व्यावसायिक कर अधिकृतको अभाव छ । आन्तरिक राजस्व संकलन गर्नुलाई स्थानीय सरकारले प्राथमिकतामा राखेका छैनन् । उदाहरणका लागि विज्ञापन कर, मनोरञ्जन कर प्राय: स्थानीय तहको शून्य छ ।

स्थानीय सरकारको सञ्चालन ऐन, २०७४ को ६२ (क) को प्रावधान देखाएर कतिपय स्थानीय तहले प्रदेशलाई राजस्व बाँडफाँड गर्न मानेका छैनन् तर विरोधाभास कहाँनेर देखिन्छ भने संघीय सरकारले जारी गरेको ऐनमा बाँडफाँड गर्नुनपर्ने आशयको प्रावधान घुसाइएको छ । अर्कोतिर ढुङ्गा, गिट्टी बालुवा ओसारपसार सम्बन्धी मापदण्ड- २०७७ ले ४० प्रतिशत राजस्व प्रदेशलाई र ६० प्रतिशत स्थानीय सञ्चित कोषमा राख्नुपर्ने व्यवस्था गरेको छ । यहाँ ऐनलाई कार्यविधिले ऋस गरेको छ, जुन विधिशास्त्रीय दृष्टिकोणबाट गलत छ । ऐन र कार्यविधि बाझिएमा स्वत: ऐनको विषयमान्य हुन्छ ।

सार्वजनिक वित्तको साँगुरो दायराका कारण प्रदेशमा लगानीका अवसर सिर्जना हुन सकेनन् । लगानीको अवसर नहुँदा पुँजी निर्माण हुन सकेन, त्यसकारण प्रादेशिक अर्थन्त्रको निर्माणमा बाधा पुगेको देखिन्छ । आर्थिक वर्ष २०७९/८१ को तथ्याङ्कलाई आधार मान्ने हो भने कुल सार्वजनिक खर्चको १० प्रतिशत खर्च मात्र प्रदेशबाट हुने गर्छ । वर्ष २०८१/८२ को बजेटको आकारलाई हेर्ने हो भने सातैवटा प्रदेशको बजेटको आकार संघको भौतिक पूर्वाधार मन्त्रालयको बजेट बराबर हुन आउँछ ।

संविधानको अनुसूची ६ मा उल्लिखित नेपाल राष्ट्र बैंकको नीति अनुरूपको वित्तीय संस्थाको स्थापना र सञ्चालनसम्बन्धी प्रावधान कार्यान्वयनमा रहेको छैन । प्रदेश स्तरका विकास बैंकको अवधारणा कार्यान्वयनमा ल्याई विकासको लगानी जुटाउन सकिन्छ, तर स्तरीय विकास बैंकको अवधारणालाई भताभुङ्ग बनाई मर्जरका नाममा वित्तीय संस्थालाई केन्द्रीकरण तथा एकाधिकारतर्फको बाटोमा हिँडाइएको देखिन्छ ।

कृषि तथा पशुविकास, कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय, गुठी, खानी अन्वेषण तथा व्यवस्थापनजस्ता विषयमा संवैधानिक अधिकार प्रयोग गरी प्रदेशको अर्थतन्त्र मजबुत गर्न सकिन्छ । औद्योगिक र करारजन्य विषयमा वैदेशिक सहायता लिने अधिकार प्रदेशलाई प्राप्त छ, तर संघको अनुमति आवश्यक हुन्छ । अर्कोतर्फ प्रत्येक प्रदेशहरूले अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको स्रोतको पहिचान गरी परिचालन गर्न सक्छन् । कोहीको हकमा अर्थतन्त्रको मेरुदण्ड पर्यटन हुन सक्छ । गण्डकीको हकमा जलविद्युत् र पर्यटन विकासह मधेश प्रदेशको हकमा कृषि र कर्णालीको हकमा जडिबुटी अर्थतन्त्रको मेरुदण्ड हुन सक्छ ।

### विकास व्यवस्थापन

हाम्रो संविधानको अनुसूची ८ को प्रदेश सरकारको एकल अधिकार सूचीमा प्रदेश स्तरको विद्युत्, सिँचाइ, खानेपानी सेवा परिवहन, प्रदेश विश्व विद्यालय, उच्च शिक्षा, प्रदेशभित्रको व्यापार, कृषि तथा पशुपक्षी विकास, कलकारखाना, औद्योगिकीकरण, यातायात, गुठी व्यवस्थापन लगायत विषयमा विकास परियोजना तथा आयोजना सञ्चालन गर्न पाउने व्यवस्था छ । त्यस्ता परियोजना प्रदेश स्तरको हुनुपर्ने वा अन्तर स्थानीय तह जोड्ने खालको हुनुपर्ने हुनुपर्छ तर व्यवहारमा एकाधबाहेक प्रादेशिक योजना तर्जुमा र कार्यान्वयन स्थानीय वा वडास्तरको हुन पुगेको देखिन्छ । यसका कारण प्रदेशहरूले गर्ने काम पनि हाम्रोजस्तै रहेछ, किन चाहियो प्रदेश संरचना भन्ने स्थानीय सरकारहरूलाई परिरहेको छ । जसलाई तर्कहरूलाई अस्वाभाविक मान्न सकिँदैन ।

विकास आयोजना छनोट गर्दा प्रादेशिक विकासको अवधारणा अनुरूप तुलनात्मक लाभ भएका क्षेत्रलाई प्रदेश सरकारहरूले पहिलो प्राथमिकता दिन सक्छन् । उदाहरणका लागि कोशी प्रदेशले पर्यटन विकासलाई र मधेशले कृषि सुधार र सिँचाइ आयोजनाहरूलाई प्राथमिकता दिन सक्छ । हाम्रो संघीयता सहकारितामूलक भएकाले संघीय सरकार र स्थानीय सरकारसँग मिलेर बृहत् खालका योजना (जस्तै : पूर्वाधार र जलविद्युत् आयोजना) अगाडि बढाउन समेत सक्छन् ।

### प्रादेशिक सेवा प्रवाह

सेवा प्रवाहको क्षेत्राधिकार स्थानीय तह र संघीय तहमा बढी भए पनि सवारी तथा यातायात व्यवस्थापन, वन सहकारीजस्ता सेवा प्रवाहको भार प्रदेश सरकारमा बढी छ । करिब ४५ लाख सवारीसँग सम्बन्धित सेवा (जस्तै : सवारी चालक अनुमतिपत्र वितरण तथा नवीकरण, सवारी दर्ता, नवीकरण, नामसारी, हस्तान्तरण, पुन: दर्ता, जाँचपास, रुट इजाजत अनुमति तथा नवीकरण) प्रदेशले दिनुपर्छ ।

त्यस्तै वनसँग सम्बन्धित सेवा रुख कटान, वन पैदावर आदिसँग सम्बन्धित सेवा प्रदेश सरकार अन्तर्गतका जिल्ला वन कार्यालयबाट दिनुपर्छ । नेपालमा २३ हजार सामुदायिक वन उपभोक्ता संस्थाहरूको दर्ता नवीकरण, नियमन तथा प्रवर्द्धन सबै सेवा प्रदेश अन्तर्गत नै पर्छ । करिब ६ हजारभन्दा बढी मझौला आकारका सहकारी संस्था समेत प्रदेश सरकार मातहत पर्छन् । सहकारी आन्दोलनमा गम्भीर विचलन आएको, सहकारी संकटका बादल मडारिँदै जाँदा सर्वसाधारण जनताको सेयर तथा बचत रकम जोखिम परेको अवस्थामा त्यसको प्रभावकारी नियमन भएको खण्डमा प्रदेश सरकारको जनआस्थामा वृद्धि हुन जाने देखिन्छ ।

नेपाल कृषिप्रधान देश हो । कृषिको गुणात्मक विकासका लागि सिँचाइ आयोजनाबाट बहुसंख्यक कृषकलाई प्रभावकारी सेवा दिन सकिन्छ । प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन एक साथ हुँदा पनि प्रादेशिक प्राथमिकता ओझेलमा परेको देखिन्छ । स्थानीय तहको चुनाव फरक समयमा हुँदा उम्मेदवार वा दलहरूले स्थानीय सवाललाई जोड दिन र स्थापित गर्न पाएका छन् । प्रदेशसभा र प्रतिनिधिसभाको चुनाव एकैचोटि हुँदा संघका एजेन्डाको बढी चर्चा भयो । जुन संघीय शासन प्रणालीमा उपयुक्त होइन, किनकि संविधानत: प्रदेश छुट्टै अस्तित्त्वको सरकार हो । उसको कार्य, जिम्मेवारी, निर्वाचन क्षेत्र र प्राथमिकता अलग छन् । जुन संघीय सरकारको आँखाबाट मात्र हेर्न सकिँदैन ।

अन्त्यमा संघीयता महँगो भयो प्रदेश खारेज गर्नुपर्छ भन्ने सोचलाई निस्तेज पार्नुपर्छ । संघीयतालाई साबिकको भन्दा कम खर्चमा चलाउन सकिने कैयौँ विकल्पलाई व्यवहारमा ल्याउनुपर्छ । संघीयता महँगो हुनुमा संघीय सरकार र स्थानीय तह बढी जिम्मेवार छन् । प्रदेशमा विनियोजित बजेटको बढी हिस्सा पुँजीगत खर्चको रहने गर्छ भने स्थानीय तह र संघमा चालु खर्च ७० प्रतिशत बराबर हुने गर्छ । निजामती कर्मचारीको संख्या स्थानीय तह र संघमा ज्यादा छ । जस कारण चालु खर्चलाई बढावा दिएको देखिन्छ ।

*(साभार: रातोपाटी)*

# गरिबी निवारणमा : कृषि पर्यटनको महत्व

✍ डा. माधव अधिकारी

प्रत्येक साल अक्टोबर १७ मा अन्तराष्ट्रिय गरिबी निवारण दिवस मनाउँदै आईएको पाइन्छ । यस वर्ष पनि विभिन्न कार्यक्रमका साथ मनाइयो । यसको पृष्ठभूमिलाई हेर्दा गरिबी उन्मूलनको लागि अन्तराष्ट्रिय दिवस मनाउने चलन १७ अक्टोवर १९८७ बाट प्रारम्भ भएको पाइन्छ। उच्च गरिबी, हिंसा र भोकमारीको सिकार भएको विश्वमा गरिबी निवारण गर्ने उद्देश्यका साथ यो दिवस मनाउँदै आएको पाइन्छ । सन् २०२४ को गरिबी निवारण दिवसको नारा 'न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजको लागि सँगै काम गर्दै सामाजिक र संस्थागत दुर्व्यवहारको अन्त गरौं' भन्ने नारामा केन्द्रित छ ।

२१ औं शताब्दीको पहिलो अर्धदशकभित्र पनि संसारमा गरिबी निवारण गरी गाँस, बास र कपासको आधारभूत प्रत्याभूति दिन सकेको छैन । विश्व खाद्य कार्यक्रमअनुसार विश्वमा ८१ करोड १० लाख मानिसलाई पर्याप्त खाना छैन् । विश्व स्वास्थ्य संगठनका अनुसार दुई अर्ब मानिसलाई सुरक्षित खानेपानी छैन्। संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमअनुसार १ अर्ब ३० करोड मानिस बहुआयामिक गरिबीमा रहेका छन् । गरिबी सबैको साझा समस्या भएको हुँदा संसारबाटै गरिबी अन्त्य नगरेसम्म मानवको सुखशान्ति र समृद्धि हुन सक्दैन । चरम गरिबी समाजबाट बन्चित गर्ने संरचनागत भेदभाव, सामाजिक सुरक्षा प्रणालीमा रहेको कमजोरीले गरिबीको दुष्चक्रमा फसिरहेका मानिसलाई बाहिर ल्याउन कठिनाई भएको छ । हत्या, हिंसा, राजनीतिक विकृति, सुशासनको कमी, बेरोजगारीको कारण युवा शक्ति विदेश पलायन हुनु, जलवायु परिवर्तनका कारण भएको प्राकृतिक प्रकोप, वातावरण स्खलन, जैविक विविधता विनाश, पर्यावरणमा क्षति, मानिसको घर, बाली, जीवनयापनमा पुऱ्याएको क्षति, विभिन्न माहामारीले सिर्जना गरेको विपद्ले गरिबीको दलदलमा फस्न परी थप पीडा भएको सर्वविदितै छ ।

नेपालमा सहरी तथा ग्रामीण एवं विभिन्न भौगोलिक क्षेत्र र सामाजिक समूहबिचको आर्थिक तथा सामाजिक असमानता कहालिलाग्दो छ । नेपालको संविधानको भावनाअनुरूप सामाजिक न्याय सबै प्रकारका असमान एवं विभेद्को अन्त्य, मानव अधिकारको संरक्षण, गरिबी निवारण, शान्ति र समृद्धि प्राप्तिको लागि सम्बन्धित निकाय सधैं प्रतिवद्ध छ भनेको पाइन्छ। विगतमा गरिबी निवारण कार्यक्रम पनि सञ्चालन नभएको भने होइन । विभिन्न गैरसरकारी संस्थाले यसमा अरबौं डलर खर्च नगरेको पनि होइन । गरिबी निवारण नीति २०७६ ले समाजमा रहेको सबै प्रकारको विभेद अन्त्य गर्ने, दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा गरिबीको रेखामुनि रहेको जनसंख्या ५ प्रतिशतभन्दा तल ल्याउने लक्ष्य भने राखिएको छ । त्यस्तै, गरिब परिवार पहिचान कार्यक्रम अन्तर्गत विभिन्न कार्यक्रमहरू राखिएको छ । भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको समस्या समाधानको लागि राष्ट्रिय भूमिआयोग मार्फत विभिन्न कार्यक्रम गरिएको पाइन्छ तैपनि राजनीतिक विकृति र दलीय स्वार्थ आदिबाट सुशासनको कमी भई सो कार्य सफलीभूत हुन नसकेको आम गुनासो छ । बढ्दो बेरोजगारी समस्या र गरिबीको कारण देशको युवा जनसंख्या वर्षेनी विदेश पलायन हुन बाध्य भएका छन् जसको कारण केही रेमिटेन्स भित्रिएर देशको अर्थतन्त्रमा सहयोग गरे पनि स्थायी राष्ट्रिय अर्थतन्त्रमा भने ठूलो नकारात्मक असर परेको छ । सो समस्यालाई समाधान गर्नको लागि देशभित्र कृषि पर्यटनमार्फत रोजगारी सिर्जना गरी गरिबी निवारण गर्न अति आवश्यक छ ।

विश्वमा सूचना र संचारको जगतमा एक्काइसौं शताब्दीमा देखिएको द्रुत विकासको साथै पुँजी, प्रविधि तथा विकासको विस्तारले अर्थतन्त्रको स्वरूपमा सकारात्मक परिवर्तन ल्याएको पाइन्छ । विकसित मुलुकहरूबाट मूलत: प्राकृतिक स्रोत एवं साधनको उपलब्धताका आधारमा औद्योगिक उत्पादनमार्फत पुँजी बजारमा प्रतिस्पर्धा गरिएको स्थिति छ । विकासशील देशहरू उनीहरूको लागि वस्तु तथा श्रम बजारको केन्द्र बन्दै आएको अवस्था छ । यो शताब्दीको शुरूदेखि नै सूचना र प्रविधिको साथमा सेवामूलक व्यवसाय र वैदेशिक पुँजीको लगानीबाट विकासशील देशहरूले समेत उल्लेख्य आर्थिक वृद्धि हासिल गर्दै पर्यटकीय क्षेत्रबाट आएको पाइन्छ ।

आ-आफ्ना देशमा उपलब्ध प्राकृतिक स्रोत साधन, मानवीय क्षमता, भौतिक पूर्वाधार, सांस्कृतिक सम्पदा, व्यापारिक कारोवारको लागि उपयुक्त रणनीतिक एवं भू-राजनैतिक अवस्थाको सही पहिचान र उपयोगबाट विकासोन्मुख देशहरूले समेत आर्थिक विकास र वृद्धिमा उल्लेखनीय फड्को मारिरहेको अवस्था छ । विश्वको बद्लिदो आर्थिक परिवेशलाई आत्मसाथ गर्दै अर्थतन्त्रमा विकसित देशको साथै विकाशशील देशले समेत आर्थिक विकासको लक्ष्य, कार्यक्रम र प्राथमिकता निर्धारण गरी आर्थिक गतिविधि संचालन गरी उपलब्धि हासिल गर्नुपर्ने अवस्था छ । यसै परिवेशमा देशमा बढ्दै गएको बेरोजगारीको समस्या हल गर्नको लागि कृषि पर्यटन व्यवसायलाई अगाडि बढाउनु अपरिहार्य छ । यसै सिलसिलामा कोभिड-१९ को कारण पर्यटन उद्योग थला परेकोले केन्द्रीय सरकार, प्रदेश सरकार साथै स्थानीय सरकारले आफ्नो नीति कार्यक्रममा कृषि पर्यटन उद्योगलाई माथि उठाउने नीति तथा कार्यक्रम ल्याउन आवश्यक छ ।

क्रमश: पृष्ठ-३....

# त्रिविका गोल्डमेडलिस्टको एक स्वर : देश छोड्ने रहर छैन



काठमाडौं/दशरथ रंगशालामा शनिबार कुनै खेलकुद प्रतियोगिता थिएन । तर, प्यारापिट भरिभराउ थियो । रंगशालाभित्र प्रवेश गर्न चाहनेहरू थापाथली, शहीदगेट देखि नै लाइन बस्नेहरू थिए । रंगशालाभित्र घुइँचो थियो भने बाहिर रंगशाला आसपासको ट्राफिक व्यवस्थापन अस्तव्यस्त थियो । तैपनि हीरा श्रेष्ठ ६ महिनाको छोरो च्यापेर भीड छिचोल्दै रंगशाला प्रवेश गरिन् । किनभने, शनिबार त्यो दिन थियो, जुन दिनको सपना साँचेर उनले वर्षभरि मिहिनेत गरेकी थिइन् । अर्थात्, शनिबार त्रिभुवन विश्वविद्यालयको ५०औं दीक्षान्त समारोह थियो ।

व्यवस्थापन संकायबाट मास्टर्स अफ फिलोसफी (एमफिल) मा सर्वोत्कृष्ट अंक ल्याएकी हीरा त्रिवि प्राध्यापक संघ शहीद उपप्राध्यापक हरिराज अधिकारी स्वर्ण पदकबाट सम्मानित हुँदै थिइन् । एमफिलमा ३.९५ सीजीपीए ल्याएकी हीराको नाम पदक ग्रहणका लागि जब बोलाइयो, उनको आँखा खुसीका आँशुले भरिए । गर्वले छाती चौडा भयो । उनले त्रिविका कुलपति प्रधानमन्त्री केपी शर्मा ओलीबाट पदक ग्रहण गरिन् ।

विभिन्न २२ विधाका उत्कृष्ट विद्यार्थीहरूले शनिबार उत्कृष्टताको पदक प्राप्त गरे । समारोहमा प्रत्यक्ष सहभागी भएर १४ हजार ३०८ जना दीक्षित भए । त्यसक्रममा प्रधानमन्त्री ओलीले सबैलाई देशका लागि सेवा गर्ने प्रतीज्ञा गराए । कुलपतिका हैसियतमा अभिव्यक्ति दिने क्रममा पनि प्रधानमन्त्री ओलीले यही समाजमा अथाह सम्भावना रहेकाले आफूले आर्जन गरेको विद्या र ज्ञानलाई यही देशमा प्रयोग गर्न अपिल पनि गरे ।

प्रधानमन्त्रीको अपिल विकृति-विसंगति बढ्यो, आशाको कुनै किरण देखिएन भन्दै देश छाड्नेहरूको लर्कोतर्फ लक्षित देखिन्थ्यो । यो अपिलले कति छोयो त ? हीराले संचारकर्मीसँग भनिन्, 'म देशमै बसेर सेवा गर्न प्रतिबद्ध छु । यहीं बस्ने हो । आफ्नै देशको लागि गर्ने हो । यहाँ पनि जागिर पाइन्छ ।' नेपालमा अवसर छैन भन्ने तर्कसँग उनको विमति थियो । 'मैले यही देशमा सम्भावना छ भनेर विदेशमा रहेका श्रीमानलाईसमेत नेपालमै ल्याएको छु,' उनले थपिन् । हाल उनी विश्वविद्यालय अनुदान आयोगमा कार्यरत उनको विदेशिने योजना छैन । 'सरकारी सेवामा छु । विद्यावारिधि गर्दै छु,' उनले भनिन् ।

अर्थशास्त्र विषयमा तीनवटा पदक प्राप्त गरेकी श्रीज्या काफ्लेले पनि थप अध्ययनका लागि विदेश जाने, तर फर्किएर स्वदेशमै रमाउने बताइन् । 'तीनवटा मेडल जीन्दगीको गहना हो । गहनालाई अवसर र चुनौतिको रूपमा लिएको छु,' उनले भनिन्, 'पीएचडीका लागि विदेश जान्छु । तर फर्किएर देशको अर्थशास्त्री बन्छु ।' अन्तर्राष्ट्रिय अनुभवका लागि विदेश जाने बताएकी श्रीज्याले मातृभूमिको माया र परिवारको साथ अन्यत्र नपाइने हुनाले पनि देश फर्किने सुनाइन् । ३.६७ सीजीपीए ल्याएकी हुनले तारपद चौधरी पदक, खगेन्द्रमानसिं प्रधान पदक र चन्द्रराज ढुंगेल स्मृति पदक प्राप्त गरेकी थिइन् ।

दुईवटा पदक पाएकी एमबीएसकी रेबिका भण्डारी पनि नेपालमै भविष्य देख्छिन् । अब पीएचडी पनि नेपालमै गर्ने उनको तयारी छ । 'शिक्षामा पहिलेभन्दा धेरै सुधार भइसकेको छ । यहीं बसेर पीएचडी गर्छु,' उनी भन्छिन् । सरदार गुञ्जमान सिं स्वर्ण पदक र रामकृष्ण न्युच्छे पुरस्कार प्राप्त गरेकी रेबिकाले ३.९० सीजीपीए ल्याएकी छिन् । एमए अन्तर्राष्ट्रिय सम्बन्धमा प्रतीकराज जोशीले डा. दुबसु क्षेत्री स्वर्ण पदक पाए । उनले ३.८१ सीजीपीए ल्याएका उनी पनि विदेश जाने योजानमा छैनन् । सरकारी सेवामा प्रवेश गरिसकेका उनी नेपालमै बसेर सेवा गर्ने बताउँछन् ।

'परराष्ट्र मन्त्रालयका कार्यरत छु । जुन विषय पढेको हुँ त्यसैमा काम गरिरहेको छु । विदेश पलायन हुने सोच छैन,' उनले भने । २०८० मा उनी सरकारी सेवामा प्रवेश गरेका हुन् । गत वर्ष अधिकृतमा नाम निकालेका उनले यो वर्ष स्वर्ण पदक हात पारे । एकपछि अर्को सफलता उनले नेपालमै पाइरहेका छन् ।

नेपाल बसेर पनि धेरै गर्न सकिन्छ भन्ने धारणा राख्ने प्रतीकराज त्यसका लागि राज्यले राम्रो आय आर्जन गर्न सक्ने वातावरण भने बनाइदिनुपर्ने बताउँछन् । युवा विदेश जाँदा गाउँघर रित्तो भएकाले रोजगारको सिर्जना राज्यले गर्नुपर्ने उनको भनाइ छ । एमए पत्रकारिता तथा आम सञ्चार विषयबाट नारायण शान्ति मिश्र पदक चेतना कुँवरले पाइन् । ३.६८ सीजीपीए ल्याएकी कुँवर पनि नेपालमै बसेर काम गर्ने योजनामा छिन् । 'पत्रकारिता क्षेत्रमा कार्यरत छु । यसैलाई निरन्तरता दिन्छु,' उनी भन्छिन् । काठमाडौं विश्वविद्यालयमा उनले पीएचडी पनि सुरु गरेकी छिन् ।

वनस्पति शास्त्रबाट प्राडा रामप्रसाद चौधरी स्वर्ण पदक श्रीणा क्षत्रीले पाइन् । उनको पनि विदेश जाने योजना छैन । 'सरकारी सेवामा जाने सोच छ । नेपालमै बसेर काम गर्ने हो,' उनी भन्छिन् । ३.८० सीजीपीए ल्याएकी उनको स्वदेशमै मेहनत गर्ने अठोट छ । पदक विजेतामध्ये संचारकर्मीसँगको संवादमा अधिकांशले यही देशलाई कर्मथलो बनाउने बताए पनि सम्भावना बनाउको काममा सरकारको प्रमुख दायित्व हुने पनि सँगसँगै उठाएका छन् ।

दलहरूबाट नागरिकलाई मतदाताका रूपमा मात्र हेर्ने प्रवृत्ति बढिरहेका वेला यही देशमा सम्भावनाका ढोका उघार्न तिनै दल सच्चिन जरुरी छ । आफूलाई नसच्याउने हो भने कुलपतिका हैसियतले प्रधानमन्त्रीले गराउने प्रतिबद्धता केवल औपचारिकतामा सीमित हुने निश्चित त छ नै, यही आफूले आर्जन गरेको विद्या र ज्ञान यही समाजमा लगाउँछौं भन्नेहरूका विश्वास पनि डगमगाउनेछ ।

**कसले पाए कुन पदक ?**

व्यवस्थापन संकायबाट मास्टर्स अफ फिलोसफी (एमफिल) मा ३.९५ सीजीपीए ल्याएकी हीरा श्रेष्ठले त्रिवि प्राध्यापक संघ शहीद उपप्राध्यापक हरिराज अधिकारी स्वर्ण पदक प्राप्त गरिन् । ३.६७ सीजीपीए ल्याएकी श्रीज्या काफ्लेले तारपद चौधरी पदक, खगेन्द्रमानसिं प्रधान पदक र चन्द्रराज ढुंगेल स्मृति पदक प्राप्त गरिन् । रेबिकाले ३.९० सीजीपीए ल्याएकी एमबीएसकी रेबिका भण्डारीले सरदार गुञ्जमान सिं स्वर्ण पदक र रामकृष्ण न्युच्छे पुरस्कार प्राप्त गरिन् ।

एमए अन्तर्राष्ट्रिय सम्बन्धमा प्रतीकराज जोशीले डा. दुबसु क्षेत्री स्वर्ण पदक पाए । उनले ३.८१ सीजीपीए ल्याएका थिए । एमए पत्रकारिता तथा आम सञ्चार विषयबाट नारायण शान्ति मिश्र पदक चेतना कुँवरले पाइन् । उनले ३.६८ सीजीपीए ल्याइन् । ३.८० सीजीपीए ल्याएकी श्रीणा क्षत्रीले वनस्पति शास्त्रबाट प्राडा रामप्रसाद चौधरी स्वर्ण पदक पाइन् । इन्द्रभक्त श्रेष्ठ स्वर्ण पदक स्कुल अफ म्यानेजमेन्टको एमबीएकी सुधा काफ्ले पाइन् । उनले ३.९४ सीजीपीए ल्याएकी छिन् । अमृत पदक एमएस्सी रसायनशास्त्रका सुशील पोखरेलले पाए । उनले ३.९५ सीजीपीए ल्याएका छन् ।

मदन विद्या वातावरण विज्ञान पुरस्कार एमएस्सी वातावरण विज्ञान विषयमा रिकिता भण्डारीले पाइन् । उनले ३.९४ सीजीपीए ल्याएकी छिन् । नरेन्द्रमणि आचार्य दीक्षित पदक एमए अंग्रेजी साहित्यमा सुदीक्षा घिमिरेले पाइन् । रात्नराज्य लक्ष्मी क्याम्पसमा पढेकी उनले ३.८८ सीजीपीए ल्याएकी छिन् । डा. मोहनप्रसाद लाखे स्वर्ण पदक पनि उनले पाएकी छिन् । शान्तिनारायण मिश्र पदक एमए पुस्तकालय विज्ञान विषयका संजिवकुमार सिंहले पाए । उनले ३.८२ सीजीपीए ल्याएका छन् । सिल्पा विष्ट प्राज्ञिक उत्कृष्टता पुरस्कार एमएडकी सीताकुमारी श्रेष्ठले पाएकी छिन् । उनले ३.४५ सीजीपीए ल्याएकी छिन् । सत्य माँ स्मृति स्वर्ण पदक बीबीएका आकृति झाले पाएकी छिन् । उनले ३.९९ सीजीपी ल्याएकी छन् । भाइस चान्सलर पदक पनि उनले पाइन् ।

लोकराज ज्ञवाली पदक एलएलबीका सिजन बोहराले पाए । ल क्याम्पसमा पढेका उनले ३.७१ सीजीपीए ल्याएका छन् । शिवराज पन्त स्मृति पुरस्कार सिभिल इन्जिनियरिङका स्नातक तह बीइ सिभिलका आशिष थापाले पाए । उनले ८४.२१ प्रतिशत अंक ल्याएका छन् । छत्रबहादुर पदक बीबीएसका समिता ढुंगेलले पाएकी छिन् । उनले ८०.७० प्रतिशत ल्याएकी छिन् । सुशीलादेवी शर्मा पुरस्कार बीएडकी छात्रामध्येबाट संगिता प्रजापतिले पाएकी छिन् । उनले ७५.१५ प्रतिशत ल्याएकी छिन् ।

५० औं दीक्षान्त समारोहमा पदक पाउनेमा छात्राको बाहुल्यता छ । १७ छात्रा यो पदक पाउँदा सात छात्रले मात्र पदक प्राप्त गर्न सकेका छन् । स्नातक तहमा ५३ हजार ६८२, स्नातकोत्तरमा २० हजार १३५, एमफिलमा एक सय ७८, पीएचडीमा एक सय ५४, प्राविधिक धारतर्फ १५ हजार ०३३ र साधारण तर्फ ५९ हजार ११६ गरी दीक्षित हुने विद्यार्थी संख्या ७४ हजार १४९ थियो । तीमध्ये दीक्षान्त समारोहमा सहभागी विद्यार्थी संख्या भने १४ हजार ३०८ मात्र रह्यो ।

# 'कार्साङ'को 'सात भन्ज्याङ' गीतमा दयाहाङ र सिर्जनाको छमछमी



काठमाडौं/यही पुष २६ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'कार्साङ'को पहिलो गीत सार्वजनिक गरिएको छ । गत आइतबार मात्र छायांकन भएको 'सात भन्ज्याङ' बोलको गीत शनिबार युट्युबमार्फत् सार्वजनिक गरिएको हो । यसमा डीपी खनालको शब्द रचना तथा एसडी योगीको संगीत छ भने संगीतकार योगी र रेश्मा पुन मगरको पार्श्व गायन छ । गीतका एरेन्जर रिकेश गुरुङ हुन् ।

अभी लामाको कोरियोग्राफी रहेको गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता दयाहाङ राई र अभिनेत्री सिर्जना निङलेखु नृत्य गर्दै प्रस्तुत छन् । लिम्बू, गुरुङ र शेर्पा जातिको पोशाकमा देखिएका उनीहरुको प्रेम र समर्पणाको भावलाई गीतले व्यक्त गरेको छ । आदिवासी जनजाति समुदायको संस्कृति झल्किने सेटअपमा खिचिएको गीतले फिल्मको कथा पनि भन्न खोजेको देखिन्छ ।

यम शेर्पाको निर्देशन तथा लेखनमा तयार भएको फिल्ममा दयाहाङ र सिर्जनासहित जितु नेपाल, दीया मास्के, बुद्धि तामाङ, सृष्टि गौतम, डोमा ह्योल्मो, प्रेम लोप्चन, सुरवीर पण्डित, कविता आले लगायतको अभिनय छ । सिर्जनाको यो डेब्यु फिल्म हो । उनी दयाहाङको श्रीमतीको भूमिकामा प्रस्तुत छिन् । जितुको जोडी भने दीयासँग बाँधिएको छ ।

यार्सा फिल्म्स र पुरुषोत्तम प्रधान फिल्म्सबीचको सहकार्यमा निर्माण भएको फिल्मका निर्माता तथा छायाँकार पुरुषोत्तम प्रधान हुन् । कार्यकारी निर्माताको रूपमा आङछिरिङ शेर्पा रहेका छन् भने सह-निर्माता गोविन्द बोहरा हुन् । फिल्मले अभाव, गरिबी र शेर्पा समुदायको सांस्कृतिक कथावस्तुलाई प्रस्तुत गर्नेछ । एक महिनाअघि रिलिज भएको टिजरले फिल्मको राम्रो हाइप बनाएको छ ।

# 'सिकन्दर' टिजरमा एक्सन अवतारमा देखिए सलमान



काठमाडौं/बलिउड सुपरस्टार सलमान खान एक वर्षपछि फिल्म 'सिकन्दर'मार्फत् पर्दामा देखिँदैछन् । शुक्रबार उनको ५९औं जन्मदिनमा फिल्मको टिजर रिलिजको तयारी गरिएको थियो । तर, भारतका पूर्व प्रधानमन्त्री मनमोहन सिंहको निधनका कारण पोस्टपोन्ड भएको टिजर शनिबार सार्वजनिक गरिएको छ । १ मिनेट ४१ सेकेण्ड लामो टिजरमा सलमानलाई एक्सन अवतारमा देख्न सकिन्छ ।

टिजरमा सलमान एउटा अँध्यारो कोठाभित्र छिरेपछि मूर्तिजसरी उभिएका केही मुकुन्डोधारी व्यक्तिहरु बन्दुक तेर्साउँदै उनीमाथि आक्रमण गर्न खोज्छन् । त्यहीबेला सलमानको भ्वाइस ओभर आउँछ, 'धेरै मानिसहरू मेरो पछि लागेका छन् भन्ने सुनेको छु । मात्र म फर्किन बाँकी छ ।' त्यसपछि उनी एक्सनमा उत्रिन्छन् । टिजरमा ब्याकग्राउन्ड स्कोर सशक्त देखिन्छ ।

बलिउडको पहिलो सय करोड कमाउने फिल्मको कीर्तिमान बनाएको 'गजनी'का निर्देशक ए.आर. मुर्गदासले 'सिकन्दर'को लेखन तथा निर्देशन गरेका हुन् । यसमा सलमानको जोडी अभिनेत्री रश्मिका मन्दानासँग बाँधिएको छ । तर, टिजरमा भने उनी अटेकी छैनन् । सलमान र रश्मिकाको केमेस्ट्रीलाई मेकरले सरप्राइज नै राख्न खोजेको देखिन्छ ।

सन् २०२५ को इदमा रिलिज हुन लागेको 'सिकन्दर'मा सलमान र रश्मिकासहित सुनील शेट्टी, काजल अग्रवाल, सत्यराज, शर्मन जोशी, प्रतीक बब्बर लगायतको पनि अभिनय रहेको छ । फिल्मका निर्माता साजिद नाडियाडवाला हुन् । साजिद र सलमानबीच १० वर्षपछि सहकार्य भएको हो । यसअघि सलमानलाई लिएर साजिदले सन् २०१४ मा 'किक'बाट निर्देशनमा डेब्यु गरेका थिए ।

# गरिबी निवारणमा....

समृद्ध नेपाल सुखी नेपालीको रेखा कोर्न सुशासनको माध्यमबाट गरिबी निवारण हटाउन सहयोग गरी भविष्य निर्माण गर्ने आशा एवं भरोसाका केन्द्रबिन्दु युवा जनशक्तिको विदेश पलायनतालाई रोक्दै स्वदेश एवं जन्मभूभिमा नै उद्यमशीलता र रोजगारीको अवसर सिर्जना गर्नु पहिलो आवश्यकता भएको छ । नेपालको प्राकृतिक भू-धरातल वातावरण एवं सांस्कृतिक जनजीवन, कृषि उर्वरताका विशेषताहरूको आधारमा सूचना र प्रविधिको अधिकतम उपयोगका साथ सामाजिक सेवामूलक व्यवसायमा जोड दिँदै कृषि पर्यटनलाई नयाँ आयामका साथ मुख्य व्यवसायका रूपमा विकास गर्नु आजको आवश्यकता हो ।

हाम्रो देशमा तुलनात्मक रूपमा मध्यमस्तरको जनशक्ति एवं कम पुँजी र प्रविधिवाटै सञ्चालन गर्न सकिने श्रमप्रधान एवं सेवामूलक कृषि पर्यटन उद्योगको विकासबाट यस हाम्रो देशको आर्थिक, सामाजिक विकास गरी गरिबी निवारण कार्यक्रमलाई सहयोग गर्ने सम्भावना प्रष्ट देखिन्छ । नेपाल विश्व मानचित्रमा अद्धितीय प्राकृतिक एवम् सांस्कृतिक सम्पदाले भरिपूर्ण देश भएकाले कृषि पर्यटन तुलनात्मक लाभ र वैकल्पिक आर्थिक अवसरका लागि उपयुक्त साधनको रूपमा रहेको छ । जसबाट हाम्रो देशको जनताको शान्ति र समृद्धिप्रतिको चाहना पूरा हुन मद्दत पुग्नसक्छ ।

हाम्रो देश प्राकृतिक, सांस्कृतिक एवंम् ऐतिहासिक पर्यटकीय सम्पदाको धनी भए पनि विश्व पर्यटन बजारमा आवश्यक पहुँच र प्रसारको कमीले सोचे अनुसार पर्यटकहरूको संख्यामा वृद्धि र ऐतिहासिक पर्यटन गतिविधिलाई विकास गरी यसबाट अपेक्षित लाभ लिन नसकेको अवस्था छ । ऐतिहासिक एवंम् पर्यटकीय स्थल हुँदा छुट्टै पनि सो स्थानको पर्यटकीय विकास हुन सकेको छैन । यसबाट प्रष्ट हुन्छ कि उत्कृष्ट पर्यटकीय सम्पदाहरू भए पनि राष्ट्रिय बजार मै हाम्रो पहुँच पुग्न सकेको छैन। सुन्दर प्राकृतिक र ऐतिहासिक, धार्मिक सम्पदाका कारण हाम्रो देशमा आन्तरिक एवं वाह्य पर्यटकलाई भविष्यमा आकर्षण गरी नेपालमा मानिसको आगमन वृद्धि हुन सक्नेछ। ग्रामीण पर्यटकको विकास र स्थानीय सहभागितामा विशेष जोड दिँदै त्यसको ऐतिहासिक, प्राकृतिक तथा सांस्कृतिक सम्पदा एवम् वातावरणको संरक्षण र संवर्द्धन गर्दै ऐतिहासिक स्थलको संरक्षण गर्दै स्थानीय बासिन्दाको चाहनाअनुसार कृषि पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धन गर्नु अहिलेको समयको माग हो ।

नेपालको लागि एकीकृत पर्यटकीय व्यवस्थापन योजनाको अभावले गर्दा देशमा हाल यत्रतत्र अवस्थामा छरिएर रहेका सम्भावित पर्यटकीय आकर्षणहरूको महत्वलाई पहिचान गर्न, त्यस्ता आकर्षण स्थलहरूलाई पर्यटन सम्पदाको रूपमा विकास गर्न र पर्यटनसम्बन्धी सेवा सुविधालाई पनि प्रभावकारी बनाउन सकिएको स्थिति पाइदैन । हाम्रो देशका पर्यटकीय सम्भावना वोकेको अधिकांश स्थलहरू देशका विभिन्न क्षेत्रमा छरिएर रहेका छन् र यहाँ पर्याप्त र राम्रो पर्यटकीय सेवा सुविधा दिइने अवस्था अझै कमि छ । कमजोर व्यवस्थापन, अपर्याप्त र खण्डित अवस्थाबाट ग्रसित रहेको छ । यसबाट नेपालीहरूले खास रूपमा फाइदा लिन सकेको स्थिति छैन। त्यसैले हाम्रो देशमा पर्यटकीय सम्भाव्यता अध्ययन गरी व्यवस्थित योजना तर्जुमा गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ। अत: पर्यटन विकास, पर्यटन सम्पदा तथा पर्यटन सेवा र सुविधालाई प्याकेजिङ गरी विकास गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ।

हाम्रो देशको समग्र आम्दानीमा कृषि पर्यटन व्यवसायलाई पनि एक दीगो स्रोत सृजना गर्न र स्थानीय तहको विकासमा सन्तुलन कायम गर्नमा समेत पर्यटन एउटा महत्वपूर्ण माध्यम हुनसक्छ । देश तथा विभिन्न स्थानीय तहहरूमा रहेका कृषि कार्यालय, कृषि ज्ञान केन्द्र, व्यवसायिक कृषक, होटल व्यवसायी, यातायात व्यवसायी, सरोकारवाला उद्योग वाणिज्य संघ र निजी क्षेत्रको समेत संलग्नतामा आ-आफ्ना तवरका कार्यक्रम एकीकृत गरी स्थानीय कृषि पर्यटन विकास र व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्ने आवश्यक देखिन्छ । स्थानीय समुदायको सहभागितालाई प्रोत्साहित गर्दै कृषि भूमि, ऐतिहासिक, पुरातात्विक तथा धार्मिक महत्वका सम्पत्तिको संरक्षण, परम्परागत वास्तुकला, मन्दिर र स्थानीय समाजका सांस्कृतिक सम्पदाहरुको संरक्षणसम्बन्धी कार्य जेनतेन प्रकारले गर्दै आइरहेको अवस्थामा गरिबी निवारणको लागि ठोस कार्यक्रमका साथ अगाडि बढ्नु आजको आवश्यकता हो ।

*(साभार: न्यूज अफ नेपाल)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*



# हेटौंडा एडभेन्चर क्लबको साधारणसभा, अध्यक्षमा सुवेदी

साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/हेटौंडा उपमहानगरपालिका-७, स्थित हेटौंडा एडभेन्चर क्लबको शनिवार प्रथम वार्षिक साधारणसभा भएको छ । हेटौंडा-१८ गुम्बाडाँडा पार्कमा भएको साधारणसभाबाट क्लबको अध्यक्षमा पुन: सुशील सुवेदी चयन भएका छन् ।




क्लबका अध्यक्ष सुवेदीको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा बागमती प्रदेशका पूर्वखानेपानी उर्जा तथा सिचाइ मन्त्री एकालाल श्रेष्ठ प्रमुखअतिथि रहेका थिए । सभामा ७ नम्बर वडाका निवर्तमान वडाअध्यक्ष राजन थापा, टिम टेलिभिजनका अध्यक्ष नवराज खतिवडा, समाजसेवी सुबोध रिमाल, उर्मिला श्रेष्ठ, सल्लाहकार किरण लामिछाने, प्रेमप्रसाद चौलागाईं लगायतको उपस्थिति रहेको थियो ।

क्लबका सचिव मनोज कुमार गौतमले सञ्चालन गरेको कार्यक्रममा पूर्वमन्त्री श्रेष्ठले क्लबले समाजिक र पर्यटकीय क्षेत्रमा गरेको कार्यको प्रशंसा गर्दै आगामी दिनमा पनि रचनात्मक कार्य गर्न प्रोत्साहन गरे । श्रेष्ठले क्लबले गर्ने कार्यक्रमको उचित योजना बनाएर पेश गरेमा प्रदेश सरकारबाट समेत सहयोग हुने बताए । साधारणसभामा अध्यक्ष सुवेदीले प्रतिवेदन पेश गरेका थिए ।

साधारणसभाबाट सुवेदीको अध्यक्षयतामा १३ सदस्यीय कार्यसमिति चयन भएको छ । क्लबको उपाध्यक्षमा पुरुषोत्तम रिमाल, सचिवमा मनोजकुमार गौतम, सहसचिवमा सीताराम तिमल्सिना, कोषाध्यक्षमा जमुना गौतम चयन भए । सदस्यमा अशोक चौलागाईं, निसना आचार्य, लक्ष्मी अधिकारी, ओमप्रसाद फुँयाल, अप्सरा पौडेल, विक्रम लुईटेल, बिजयराज थिङलगायत रहेका थिए । कार्यसमितिको अवधि ३ वर्षको रहने छ । क्लबले सामाजिक खेलकुद तथा पर्यटकीय क्षेत्रमा कार्य गर्दै आइरहेको छ ।

# श्रमिक सहकारीको २३ करोड कारोवार

साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/ हेटौंडा-४ स्थित श्रमिक सुरक्षित बचत तथा ऋण सहकारी संस्थाको १६ औं वार्षिक साधारण सभा शनिबार भएको छ । संस्थाका अध्यक्ष नवराज अर्यालको सभाध्यक्षता तथा राष्ट्रिय सहकारी महासंघका सदस्य बद्रीप्रसाद लम्सालको प्रमुख आतिथ्यतामा सभा भएको हो ।



सहकारीले सदस्यलाई १६ करोड चार लाख २३ हजार ७९७ रुपैयाँ कर्जा लगानी गरेको छ । तीन करोड १३ लाख ७५ हजार ६ सय शेयरपुर्जी रहेको सहकारीमा बचत निक्षेप भने १६ करोड ८५ लाख ८१ हजार ६१५ रुपैयाँ रहेको संस्थाका व्यवस्थापक सुशीलचन्द्र शर्माले बताए । संस्थाको जगेडा कोषमा एक करोड ६६ लाख ७१ हजार ८२४ रुपैयाँ रहेको छ । संस्थाले २०८०/८१ मा २२ करोड ८१ लाख ८९ हजार ३०६ रुपैयाँ बराबरको कारोबार गरेको प्रतिवेदनमा उल्लेख छ ।

सभामा विभिन्न विधामा सदस्यहरु सम्मान तथा पुरस्कृत गरिएको थियो । जेष्ठसदस्यतर्फ हाजिरमान भुलुन र जगतमाया बासुक्ला, नियमित मासिक बचततर्फ राजकुमार भट्टराई र नीला सुवेदी, अधिकतम बचत गर्नेतर्फ विनोदकुमार पुडासैनी, ऋणमा धेरै व्याज तिर्नेतर्फ कमल श्रेष्ठ, नियमित ऋणको किस्ता तिर्नेतर्फ प्रवीणाकुमारी कार्कीलाई सम्मान गरिएको थियो । त्यस्तै, एसईइ परीक्षामा उत्कृष्ट अंक ल्याउने निजी विद्यालयतर्फ सन्ध्या देउजालाई पुरस्कृत गरिएको थियो । सामूदायिक विद्यालयतर्फ भने निवेदन नपरेको संस्थाले जनाएको छ ।

कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघका सहसचिव विजयबहादुर बस्नेत, नेफ्स्कुन उपसमिति सदस्य आशा अधिकारी, संस्थाका सल्लाहकार धर्मराज बस्नेत, मीनबहादुर प्रधान, पवि शर्मा, अर्जुन अर्याल, कानुनी सल्लाहकार केशवप्रसाद गौतम, संस्थाका पूर्वअध्यक्ष विष्णुप्रसाद दाहाल, उद्योग संघका पूर्वअध्यक्ष माधव अधिकारी, लेखा समिति संयोजक हरिकुमार शर्मा लामिछानेलगायतको आतिथ्यता रहेको थियो ।

# दश जनाको मोतियाविन्दुको शल्यक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/कैलाश गाउँपालिका बस्ने दश जनाको मोतियाविन्दुको सफल शल्यक्रिया भएको छ ।

गाउँपालिका र हेटौंडा सामूदायिक आँखा अस्पतालको सहकार्यमा भएको शिविरमा मोतियाबिन्दु भेटिएकाहरुको शल्यक्रिया गरिएको हो । गत २२ मंसिरमा कैलाशको भाल्टारमा आँखा शिविर भएको थियो ।

शिविरमा १६० जनाले आँखाको परीक्षण गरेका मध्ये २० जनामा मोतियाविन्दु भएको कैलाश ग्रामीण आँखा उपचार केन्द्रका नेत्रसहायक सरोजकुमार मण्डलले बताए । शल्यक्रिया गरिएका बिरामीलाई शनिबार गाउँपालिका अध्यक्ष लोकबहादुर मोक्तानले कैलाश-९ निवासी खीलकुमारी पाण्डेको आँखाको पट्टि खोल्दै बिरामीसँग आगामी दिनमा गाउँपालिकाले गर्नुपर्ने सहयोग गर्ने प्रतिवद्धता जनाए । उनले एक महिनापछि पुन: परीक्षणपश्चात लगाउनुपर्ने चश्मा आवश्यकता अनुसार गाउँपालिकाले नै उपलब्ध गराउने बताएका छन् ।

भौगोलिक दृष्टिले विकट भएकाले पनि आँखा परीक्षणमा पहुँच नपुगेको खण्डमा पालिकामा नै उपचार केन्द्र स्थापना गरेसँगै नियमित हरेक बुधबार वडामा रहेका स्वास्थ्यचौकीमा आँखा परीक्षण गर्दै आइरहेको बताए ।

आमाबुबा लक्षित कार्यक्रम मात्र नभई प्रत्येक विद्यालयमा समेत आँखा परीक्षणको अभियान सञ्चालन गर्दै आइरहेको अध्यक्ष मोक्तानले बताए । शल्यक्रियाको लागि आवतजावत सुविधा दिनुका साथै लेन्स र चश्मा पनि पालिकाको बजेटबाट खरिद गरी निशुल्क वितरण गर्दै आइरहेको उनले बताए ।

दश जनाको शल्यक्रिया पछि बाँकी दश जनाको शल्यक्रिया अर्को चरणमा हुने गाउँपालिकाले जनाएको छ । हालसम्म आँखा शिविरबाट १५ सय भन्दा बढीले लाभ लिइसकेका छन् । पाँच सय भन्दा बढीको मोतियाविन्दुको शल्यक्रिया भइसकेको गाउँपालिका स्वास्थ्य शाखाप्रमुख कृष्ण यादवले बताए । कैलाश-९ निवासी खीलकुमारी पाण्डेले मोतियाविन्दुको शल्यक्रिया गरेकोप्रति खुशी व्यक्त गरिन् ।

# ५ महिनामा बागमती प्रदेशको बजेट खर्च १२ प्रतिशत मात्रै

साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो पाँच महिनाको अवधिमा वागमती प्रदेश सरकारको खर्च निराशाजनक देखिएको छ । प्रदेश सरकारले चालु आव २०८१/८२ को साउनदेखि मंसिरसम्ममा कुल बजेटको करिब १२ प्रतिशत मात्र खर्च गर्न सकेको छ ।

प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयका सूचना अधिकारी सुरज पौडेलका अनुसार चालु आव २०८१/८२ को पाँच महिनाको अवधिमा कुल बजेटको ११ दशमलव ४२ प्रतिशत बजेट खर्च भएको छ ।

चालु आवका लागि प्रदेश सरकारले ६४ अर्ब ५४ करोड चार लाख ३१ हजार रुपैयाँको बजेट ल्याएकोमा पाँच महिनामा सात अर्ब ३७ करोड १९ लाख २५ हजार रुपैयाँ बजेट खर्च भएको उले बताए । बजेटमध्ये चालुको तुलनामा पुँजीगत तर्फको बजेट कम खर्च भएको उनको भनाइ छ ।

विनियोजित बजेटमध्ये सबैभन्दा बढी प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयले ३६ दशमलव २२ प्रतिशत, प्रदेशसभा सचिवालयले २३ दशमलव ९० प्रतिशत बजेट खर्च गरेको छ भने सबैभन्दा कम पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयले दुई दशमलव ५७ प्रतिशत बजेट खर्च गरेको मन्त्रालयले जनाएको छ ।

चालु आवको पहिलो चौमासिकसम्म चालु खर्च बढी हुने र पुँजीगत खर्च कम हुने गरेको र कात्तिकदेखि मात्र कतिपय योजना कार्यान्वयनमा गएकाले अहिले खर्च कम देखिएको सूचना अधिकारी पौडेलले बताए ।

# कैलाशमा पूर्णसरसफाई उन्मुख टोल अभियान सुरु



साझाकुरा संवाददाता

हेटौंडा, १३ पुस/ खानेपानी तथा सरसफाइका तोकिएका सूचकको पालना गर्दै मकवानपुरको कैलाश गाउँपालिकामा रहेका विभिन्न टोलबाट पूर्णसरसफाईउन्मुख तथा सुरक्षित खानेपानीयुक्त टोलको घोषणा सुरु गरेको छ ।

मकवानपुरमै पहिलोपटक कैलाश गाउँपालिका-२ को रानाटोल र बुढौलीटोल बिहीबार पूर्णसर सफाईउन्मुख तथा सुरक्षित खानेपानीयुक्त टोल घोषणा गरिएकोमा शुक्रबार कैलाश-९ का थप ३ वटा टोललाई पूर्णसर सफाईउन्मुख टोल घोषणा गरिएको गाउँपालिका अध्यक्ष लोकबहादुर मोक्तानले बताए । शुक्रबार कैलाश गाउँपालिका-९ को बिर्ता, अम्बोटे र बरेटार टोललाई पूर्णसर सफाईउन्मुख घोषणा गरिएको हो ।

कैलाश-९ मा वडाध्यक्ष भुवनसिं घलानको अध्यक्षतामा भएको घोषणासभामा गाउँपालिका अध्यक्ष मोक्तानको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा बोल्दै अध्यक्ष मोक्तानले विकट गाउँमा खानेपानीको पहुँचबाटै टाढा रहेको नागरिकलाई खानेपानी र सर सफाईसम्बन्धी कामगर्नु चुनौतीपूर्ण भएता पनि आरआरएनसँगको सहकार्यमा टोलटोलमा काम गर्न सफल भएको बताए । हरेक टोललाई पूर्णसरसफाई र सुरक्षित खानेपानीयुक्त टोल बनाउनको लागि संस्थासँग निरन्तर सहकार्य गर्ने उनले प्रतिवद्धता जनाए ।

मकवानपुरमै पहिलोपटक यो अभियान सुरु गरेको बताउँदै अध्यक्ष मोक्तानले भने अब टोलबाट सुरु भएको अभियान वडा हुँदै पालिकासम्म पुग्ने र वडा घोषणासँगै पालिका घोषणा गर्ने लक्ष्य रहेको बताए । हामीले यस अघि मकवानपुरमै पहिलोपटक चेली प्रोत्साहन कार्यक्रम सुरुवात गरेका थियौं । अहिले खानेपानी र सर सफाईसम्बन्धी अभियान सुरु गरेको उनले बताए ।

नेपाल ग्रामीण पुनर्निमाण संस्था (आरआरएन)सँगको सहकार्य र कैलाश गाउँपालिकाले सरसफाई उन्मुख तथा सुरक्षित खानेपानीयुक्त टोल घोषणा गरेको हो । मकवानपुरको पहाडीक्षेत्रमा खानेपानी सरसफाई तथा स्वच्छता प्रणालीको सुद्धिकरण र व्यवहार परिवर्तन परियोजना अन्तर्गत आरआरएनले कैलाशमा अभियान चलाएको हो । गाउँपालिका कार्यालयसँग सहकार्यमा टोलहरुमा खानेपानी र स्वच्छतासम्बन्धी कार्यक्रम सञ्चालन गरिएको थियो ।

हामीले अभियानको क्रममा घोषणाका लागि स्वच्छ र सफा घरका सूचकको निर्धारण गरी सूचक पूरा गर्नका लागि काम गरेको अध्यक्ष मोक्तानले बताए । घरमा प्रयोगकर्तामैत्री तथा सुरक्षित चर्पीको प्रयोग, पर्याप्त पानीसहित चर्पीमा सरसफाई सामग्री भएको, खुलास्थानमा दिशा नभएको, बच्चाको दिशाको सही सदुपयोग भएको हुनुपर्ने सूचकमा उल्लेख छ ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्ल, आरआर एनका कार्यक्रम संयोजक लीलबहादुर कार्कीलगायतले आफ्ना भनाई राखेका थिए ।

## मोटरसाइकल हरायो

मिति २०८१ साल पुस १२ गते संस्कृति तथा पर्यटन मन्त्रालय, हेटौंडा अगाडि पार्किङ्ग गरिराखेको अवस्थाबाट बेलुका ९ बजेदेखि १० बजेको समयमा मेरो निम्न व्यहोराको मोटरसाइकल हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बा प्र-०६-०१ प ३५३८
**मोटरसाइकल धनीको नाम:** निराज सिंह ठकुरी, हेटौंडा-२, मकवानपुर
**मोटसाइकलको ब्राण्ड (नाम):** Royal Enfield Classic 350 CC
**मोटरसाइकलको रंग:** Gun grey
**चेचिस नम्बर:** ME3U3S5C1MF914653
**इन्जिन नम्बर:** U3S5C1MF107792
**सम्पर्क फोन नम्बर:** ९८५५०८५५५९

## हार्दिक बधाई तथा शुभकामना



अध्यक्ष : पंकज दास बानियाँ

यस संयुक्त मधेसी सेवा समाज नेपालका सदस्य **श्री पंकज दास बानियाँ** ज्यू हेटौंडा जेसिज बर्ष २०२५ को लागि अध्यक्ष जस्तो गरिमामय पदमा तथा उहाँको प्यानलबाट कार्यकारिणी उपाध्यक्षद्वय **श्री सन्तोष पराजुली र विश्वप्रसाद गौतम**, उपाध्यक्षहरुमा **किरण आले, विवेक फुयाल, प्रविण श्रेष्ठ र कुशल रिजाल** निर्वाचित हुनु भएकोमा हार्दिक बधाई एवम् कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

रविरञ्जन कुमार कलवार (अध्यक्ष) एवम्

**संयुक्त मधेसी सेवा समाज नेपाल, परिवार**

## हार्दिक बधाई तथा शुभकामना



अध्यक्ष : पंकज दास बानियाँ

यस सिन्दुरिया समाज नेपालका सदस्य **श्री पंकज दास बानियाँ** ज्यू हेटौंडा जेसिज बर्ष २०२५ को लागि अध्यक्ष जस्तो गरिमामय पदमा तथा उहाँको प्यानलबाट कार्यकारिणी उपाध्यक्षद्वय **श्री सन्तोष पराजुली र विश्वप्रसाद गौतम**, उपाध्यक्षहरुमा **किरण आले, विवेक फुयाल, प्रविण श्रेष्ठ र कुशल रिजाल** निर्वाचित हुनु भएकोमा हार्दिक बधाई एवम् कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

राजबाबु दास (अध्यक्ष) एवम्

**सिन्दुरिया समाज नेपाल, परिवार**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना